# वार्षिक प्रगति प्रतिवेदन, २०८०-०८१




<u>तयार गर्ने</u>

रोजगार सेवा केन्द्र

**बरेङ गाउँपालिका**

गाउँकार्यपालिकाको कार्यालय

हुग्दिशिर, बागलुङ

बरेङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हुग्दिशिर, बागलुङ

गण्डकी प्रदेश, नेपाल

२०७३

पत्र संख्या : २०८१/०८२

चलानी नं. : ९

मिति : २०८१/०४/०७

नेपाल संवत : ११४४ दिल्लाथ्वः ३.८, मंगलबार

श्री श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाडौं ।

विषय: वार्षिक प्रगति विवरण पठाइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस बरेङ गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतको आर्थिक वर्ष २०८०-०८१ को वार्षिक वित्तीय तथा भौतिक प्रगति प्रतिवेदनको विवरण यसै पत्रसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीको लागि अनुरोध छ ।

०८१/०४/०७

सुर्य प्रसाद शर्मा

नि.प्रमुख प्रशासकीय अधिकृत

# रोजगार सेवा केन्द्रको वार्षिक प्रगति प्रतिवेदन,२०८०-०८१


सर्वाधिकार © बरेङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
हुग्दिशिर,बागलुङ
गण्डकी प्रदेश, नेपाल
वेबसाइटः www.barengmun.gov.np
इमेलः barengrm@gmail.com
फोनः ९८५७६३२३२८

प्रकाशकः रोजगार सेवा केन्द्र
इमेलः pmep.barengmun@gmail.com
फोनः ९८५७६६०६६०, ९८५११५७११३
फेसबुकः




प्रकाशन वर्षः २०८१ साउन ६ गते

# बरेङ गाउँपालिका भौगोलिक बनावट



# विषयसूची

१.पृष्ठभूमि ........................................................................................१
२.गाउँपालिकाको परिचय..........................................................................२
३.रोजगार सेवा केन्द्रबाट प्रवाह गरिने सेवा.........................................................२
४.स्थानीय निर्देशक समिति..........................................................................३
५.स्थानीय निर्देशक समितिको बैठक..................................................................३
६.अन्य अन्तर्क्रिया कार्यक्रम..........................................................................३
७.शाखा अन्तर्गतका कर्मचारी विवरण..................................................................४
८.उद्देश्य..............................................................................................४
९.सम्पन्न भएका क्रियाकलाप..........................................................................५
१०.काम गर्नुपूर्व अभिमुखीकरण कार्यक्रम फोटो.......................................................६
११.वडागत योजनाको विवरण.......................................................................७-१६
१२.आर्थिक प्रतिवेदन.............................................................................१७-१८
१३.योजनाको प्रगति विवरण.......................................................................१९-२०
१४.वैदेशिक रोजगार बोर्डको सेवा सम्बन्धी विवरण..................................................२१
१५.श्रम स्वीकृति सेवाको विवरण.................................................................२१-२२
१६.असल अभ्यास....................................................................................२३
१७.समस्या..........................................................................................२३
१८.सुझाव...........................................................................................२४

# १.पृष्ठभूमिः

नेपालको संविधानको धारा ३३ मा रोजगारीको हक र धारा ५१ (झ) मा श्रम र रोजगार सम्बन्धी नीतिको व्यवस्था गरेको छ । सोहीका आधारमा रोजगारीको हक सम्बन्धी ऐन २०७५, रोजगारीको हक सम्बन्धी नियमावली २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (दोस्रो संशोधन २०७८), कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७९ , एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० निर्माण भई कार्यान्वयनमा रहेको छ ।

नेपालको संविधानले प्रत्याभुत गरेको अधिकार अनुसार सबैले काम गर्न पाउने अवस्थाको सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष, व्यवसायिक बनाउने र स्वेदशमा नै रोजगारी अभिवृद्धि गर्ने तथा श्रम र श्रमिकलाई मर्यादित बनाउदै उनीहरुको सीप र अनुभवलाई उपयोग गरी आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने लक्ष्य राज्यले लिएको छ ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहको मातहतमा रही बेरोजगार व्यक्तिहरूको सूचना सङ्कलन, पहिचान र सूचीकरन, रोजगारीका अवसरहरूको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागि श्रमिक उपलब्धताको जानकारी तथा रोजगार सम्बन्धी अन्य सेवा प्रदान गर्ने गरी रोजगार सेवा केन्द्रको स्थापना हुने व्यवस्था अनुसार बरेङ गाउँपालिकामा पनि २०७५ फागुनबाट स्थापना भएको हो। प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध हुन हरेक वर्षको फागुन महिनामा सूचीकृत हुनका लागि निवेदन दिनु पर्ने प्रावधान छ ।

श्रम र रोजगारी अन्तरसम्बन्धित विषय भएकाले मुलुकको समग्र आर्थिक अवस्था, रोजगारीको क्षेत्रमा हुने विकास लगायत काम र श्रमिकप्रतिको धारणाले यसलाई प्रत्यक्ष असर पारेको हुन्छ।श्रमिकप्रति समाजको मूल्य, धारणा तथा मान्यतामा सापेक्ष परिवर्तन भएमा मात्रै आन्तरिक रोजगारीमा युवाशक्तिलाई परिचालन गर्न सहज हुने हुँदा आन्तरिक रोजगारीमा युवाशक्तिलाई परिचालन गर्नमा सहज हुने वातावरणको सृजनाका लागि **"श्रमको सम्मान, राष्ट्रको अभियान"** कार्यक्रम सञ्चालन गरिएको छ।रोजगार संवाद मञ्चमार्फत स्थानीय सरोकारवालाहरूसँग छलफल अन्तर्क्रिया गरिएको छ। रणनीति निर्माण गरी अध्यावधिक गरीएको छ ।हामीले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँग समेत समन्वय र सहकार्य गरी ती क्षेत्रहरूमा थप रोजगारीका अवसर सिर्जना गर्ने छौं।

## २.गाउँपालिकाको परिचयः

गण्डकी प्रदेश बागलुङ जिल्लाको दक्षिणमा पर्ने बरेङ गाउँपालिका साविकका धुल्लुबास्कोट, हुग्दिशिर, बाटाकाचौर, सल्यान र सुखौरा गरि ५ गाविसलाई समावेश गरि गठन गरिएको वरेङ गाउँपालिकामा हाल जम्मा ५ वडाहरु रहेको छन् । साविकका ५ गाविसलाई नै अलग अलग ५ वडा बनाइएको । छ साविकका वडा नम्बर १ र २ को सिमानामा रहेको वरेङ बजारको नाम बाट यो गाउँपालिकाको नामकरण गरिएको हो । यो गाउँपालिका ७५.२९ वर्ग किलोमिटर क्षेत्रफ़ल मा फैलिएको छ ।

पूर्वमा बागलुङ जिल्लाकै जैमिनी नगरपालिका, पश्चिममा गुल्मी जिल्लाको चन्द्रकोट गाउँपालिका उत्तरमा गल्कोट नगरपालिका र दक्षिणमा गुल्मी जिल्लाको कालिगण्डकी गाउँपालिका रहेको यस वरेङ गाउँपालिकाको केन्द्र यसका ४ वडाहरु हुदै गुल्मी तर्फ बग्ने हुग्दिखोलाको किनारमा साविकका हुग्दिशिर गाविसको कार्यालय रहेको सुदला फाँटमा रहेको छ । मगर जातिको बाहुल्यता रहेको यस गाउँपालिकामा ब्राहमण, क्षेत्री, थकाली तथा दलित जातिको पनि बाक्लो उपस्थिति रहेको छ ।

२०७८ को जनगणना अनुसार बरेङ गाउँपालिकाको कुल जनसंख्या ११११५८ रहेको छ । कुल जनसंख्या मध्ये ६०५६ महिला र ५१०२ पुरुष रहेका छन् । २९२५ घरधुरी रहेको यस गाउँपालिकामा ७६.९ प्रतिशत साक्षरता दर( महिला ७०.१ र पुरुष ८५.२), अ ौसत घर परिवारको आकार ३.८१ , जनघनत्व १४८, लैङ्गिक अनुपात ८४.२५ रहेको छ।

## ३. रोजगार सेवा केन्द्रबाट प्रवाह गरिने सेवाहरूः

- ✓ बेरोजगार व्यक्तिको तथ्याङ्क सङ्कलन तथा विश्लेषण
- ✓ सार्वजनिक निर्माण कार्यमा रोजगारीमा खटाउने कार्य
- ✓ सिप स्थानान्तरण
- ✓ रोजगार संवाद मञ्च सञ्चालन
- ✓ श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम
- ✓ वैदेशिकर रोजगार सम्बन्धी सेवा
- ✓ नयाँ र पुनः श्रम स्वीकृति सम्बन्धी सेवा
- ✓ कल्याणकारी सेवाहरूमा सहजीकरण
- ✓ रोजगार परामर्श सेवा
- ✓ रेडियोमार्फत र कार्यक्रममार्फत टोलटोलमा सूचना प्रवाह ।

## ४. स्थानीय निर्देशक समिति

स्थानीय तहको क्षेत्रभित्र रहेका बेरोजगार व्यक्ति र रोजगारदाताको तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने, स्थानीय तहको बजेट तथा कार्यक्रमबाट स्थानीय रोजगारी सिर्जना गर्ने र कार्यक्रमको अनुगमन र प्रतिवेदन गर्ने कार्यका लागि स्थानीय तहमा एउटा स्थानीय निर्देशक समिति रहनेछ । जसको विवरण तपसिल बमोजिम रहेको छ ।

| क्र.स. | नामथर | पद | निर्देशक समिति |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद शर्मा | अध्यक्ष | अध्यक्ष |
| २ | दिलिप कुमार पुन | उपाध्यक्ष | सदस्य |
| ३ | जित बहादुर राना | प्र.प्र.अ. | सदस्य |
| ४ | नरसेङ पुन | वडा अध्यक्ष | सदस्य |
| ५ | सेर बहादुर खनाल क्षेत्री | वडा अध्यक्ष | सदस्य |
| ६ | केशबराज क्षेत्री | रोजगार संयोजक | सदस्य सचिव |

## ५.स्थानीय निर्देशक समितिको बैठक

रोजगार सेवा केन्द्रबाट सञ्चालन हुने विभिन्न क्रियाकलापलाई व्यवस्थित एवम् प्रभावकारी रूपमा सञ्चालन गर्न र नीतिगत सुझाव, परामर्श साथै निर्देशनका लागि आ.व. २०८०-०८१ मा तपसिलका मितिमा स्थानीय निर्देशक समितिको बैठक बसी विभिन्न निर्णयहरू गरिएको थियो ।

तपसिल

- मिति २०८० साउन २६
- मिति २०८० चैत्र ३
- मिति २०८१ जेठ १२
- मिति २०८१ जेठ १७
- मिति २०८१ असार १
- मिति २०८१ असार ३

## ६. अन्य अन्तर्क्रिया कार्यक्रम

- वैदेशिक रोजगार सम्बन्धी सचेतनामूलक कार्यक्रमः मिति २०८१ जेठ ७
- रोजगार संवाद मञ्च सम्बन्धी अन्तर्क्रिया कार्यक्रमः मिति २०८१ जेठ २९
- श्रमको सम्मान राष्ट्रको अभियानः प्रत्येक वडाका विभिन्न टोलमा

## ७. शाखा अन्तर्गतका कर्मचारीको विवरण

| क्र.स | नाम,थर | पद | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|
| १ | केशब राज क्षेत्री | रोजगार संयोजक | ९८५७६६०६६० | kckeshav00@gmail.com |
| २ | सुक्मित घर्ति मगर | रोजगार सहायक | ९८६१३८०४२२ | sukmitgharti@gmail.com |
| ३ | कमल आचार्य | प्राविधिक सहायक | ९८५११५७११३ | acharyakamal2047@gmai.com |

## ८.उद्देश्य

- उत्पादनशील र मर्यादित रोजगारीका अवसरहरूमा वृद्धि गर्ने,
- दक्ष, सिपयुक्त, क्षमतावान् र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने,
- सबै प्रकारका श्रम शोषणको अन्त्य गर्ने,
- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषणरहित बनाउने
- आप्रवासीहरूको सामाजिक एवम् आर्थिक रूपमा पुनःएकीकरण गर्ने
- रोजगारमैत्री लगानीमा प्रोत्साहन गर्ने,
- सिपको स्थानान्तरण,
- सहकारी, सरकारी तथा गैरसरकारी संघ संस्था सँग समन्वय गरी पुँजी निर्माण र आयआर्जनमा प्रेरित गराउने,
- बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारीमा संलग्न गराउनका लागि सामुदायिक योजनाहरू सञ्चालन गर्ने,
- समान ज्यालाको सही कार्यान्वयन गर्ने
- श्रम स्वीकति र वैदेशिक रोजगार बोर्ड सम्बन्धी सहजीकरण गर्ने ।

## ९.सम्पन्न भएका क्रियाकलाप तथा योजनाहरू

यस गाउँपालिकाको रोजगार सेवा केन्द्रले आ.व. २०८०-०८१ मा तपसिल बमोजिमका क्रियाकलापहरू सम्पन्न गरेको छ ।

- सूचीकृत बेरोजगार व्यक्तिहरूको विवरण १२४१ रहेको
- बेरोजगार व्यक्तिहरूको प्राथमिकीकरण गरी वेबसाइटमा प्रकाशन गरिएको,
- प्राविधिकसँग समन्वय र सहकार्य गरी योजनाहरूको लागतमा आधारित रही गर्नुपर्ने कामहरूको विस्तृत विवरणसहितको डिजाइन इष्टिमेट गरी काम गरिएको,
- प्रत्येक वडामा सूचीकृत बेरोजगारहरूलाई अभिमुखीकरण गरी रोजगार उपभोक्ता समितिको गठन सङ्गै कामको गरिएको
- १० वटा योजनाको सत प्रतिशत काम सम्पन्न र भुक्तानी समेत गरिएको,
- ८० जनाले एक सय दिन बराबरको काम पाएका, साझेदारी रकमबाट थप ५२ जनालाई ३० दिन बराबरको रोजगार प्रदान
- वैदेशिक रोजगारमा जाने ३२ जना ( कतार, मलेसिया, दुवइ, र साउदी,जापान,रोमनिया, कुवेत, दक्षिण अफ्रिका लगायत ) को श्रम स्वीकृतिमा सहजीकरण गरिएको,
- वैदेशिक रोजगार बोर्ड सम्बन्धी विदेशमा मृत्यु भएका व्यक्तिको घरपरिवालाई आर्थिक सहायतामा सहजीकरण गरिएको,
- वैदेशिक रोजगारमा दुर्घटनामा परेर फर्किएका व्यक्तिलाई १ लाख ७५ हजार आर्थिक सहायताका लागि सहजीकरण गरिएको,
- वैदेशिक रोजगार बोर्डमा पारिवारिक स्वास्थ्य उपचारको लागि ३ जना बिरामीको विवरण पेस गरिएको,
- आ.व २०८१-०८२ का लागि बेरोजगारको आवेदन सम्बन्धी सूचना प्रसारण र प्रत्येक वडाबाट निवेदन सङ्कलन,
- आगामी आ.व.का लागि नीति पेस गर्नुका साथै आयोजना विवरण सङ्कलन,
- रोजगार संवाद मञ्च कार्यक्रम सञ्चालन,
- रोजगार रणनीति अध्यावधिक गरी गाउँसभाबाट पारित भएको,
- टोलटोलमा श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरिएको,
- नियमित रोजगार व्यवस्थापन सूचना प्रणालीमा विवरण अद्यावधिक ।

### प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत आयोजना सञ्चालनका लागि प्राप्त बजेटः

- प्रधानमन्त्री रोजगार कार्यक्रम नेपाल सरकार अनुदानबाट प्राप्तः रू.२६७४०००।-
- युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना आइ.डि.ए.बाटः रू.२६७२०००।-
- स्थानीय तहबाट परिचालन भएको बजेटः रू.१३५५०००।-
- कुल रकमः रू.६७०१०००।–

## १०.काम गर्नुपूर्व अभिमुखीकरण कार्यक्रम गरिएको फोटो








## संवाद मञ्च




## ११. वडागत योजनाको विवरण

### १.१.योजनाको नामः लुरुङकोट सामुदायिक भवन प्लास्टर र वडा कार्यालय परिसर प्रतिक्षालय निर्माण बरेङ गा.पा. १, धुल्लुबास्कोट

### १.२.खर्चको विवरणः

| क्र.सं. | विवरण | रकम रु. | | जम्मा |
|---|---|---|---|---|
| | | प्र.रो.का./युवारुप | स्थानीय तह | |
| १ | ज्याला | ३,९९,१६८/- | | ३,९९,१६८/- |
| २ | निर्माण सामग्री खरिद | | १०९२२९।- | १,०९,२२९।- |
| ३ | अन्य खर्च | | | |
| | **जम्मा** | ३,९९,१६८/- | १,०९,२२९।- | ५,०८,३९७/- |

### १.३.सम्पन्न भएका मुख्य क्रियाकलापहरूः

| क्र.सं. | क्रियाकलाप | इकाइ | परिणाम |
|---|---|---|---|
| १ | भवन प्लास्टर | स्क्वायर मि. | ११९ |
| २ | प्रतिक्षालय | प्रति गोटा | १ |

### १.४.योजनामा संलग्न श्रमिकको विवरणः

| महिला | पुरुष | जम्मा | वडा | रोजगारी सिर्जना भएको जम्मा दिन |
|---|---|---|---|---|
| ५ | १ | ६ | १ | ५९४ |







## २.१.योजनाको नामः जिमिरेदेखि फाँट, ठाडोखोलादेखि तल्लो गडेल सिँचाइ कुलो निमार्ण

## २.२.खर्चको विवरणः

| क्र.सं. | विवरण | रकम रु. | | जम्मा |
|---|---|---|---|---|
| | | प्र.रो.का./युवारुप | स्थानीय तह | |
| १ | ज्याला | ४,६५,६९६/- | | ४६५६९६/- |
| २ | निर्माण सामग्री खरिद | | २४३४४७।- | |
| ३ | अन्य खर्च | | | |
| | **जम्मा** | ४,६५,६९६।- | २,४३,४४७।- | ७,०९,१४३।- |

## २.३.सम्पन्न भएका मुख्य क्रियाकलापहरू

| क्र.सं. | क्रियाकलाप | इकाइ | परिणाम |
|---|---|---|---|
| १ | सिँचाइ | गोटा | २ |
| २ | पक्की बाँध | घ.मि. | १० |
| ३ | पर्खाल | घ.मि | ३४ |

## २.४.योजनामा संलग्न श्रमिकको विवरणः

| महिला | पुरुष | जम्मा | वडा | रोजगारी सिर्जना भएको जम्मा दिन |
|---|---|---|---|---|
| ६ | १ | ७ | १ | ६९४ |







**३.१.योजनाको नामः** टिप्लिङघाट मिलनचोक, टिमुरेघाट थुम ओखरेनी र सादीखोला अयरपानी गोरेटोबाटो निर्माण

## ३.२.खर्चको विवरणः

| क्र.सं. | विवरण | रकम रु. | | जम्मा |
|---|---|---|---|---|
| | | प्र.रो.का./युवारुप | स्थानीय तह | |
| १ | ज्याला | ४,६५,६९६/- | | ४६५६९६/- |
| २ | निर्माण सामग्री खरिद | | | |
| ३ | अन्य खर्च | | - | |
| | **जम्मा** | ४,६५,६९६।- | - | ४,६५,६९६।- |

## ३.३.सम्पन्न भएका मुख्य क्रियाकलापहरूः

| क्र.सं. | क्रियाकलाप | इकाइ | परिणाम |
|---|---|---|---|
| १ | गोरेटोबाटो (४) | मि. | लम्बाइ १८५५ |
| | | सोलिङ | ३१० मि. |

## ३.४.योजनामा संलग्न श्रमिकको विवरणः

| महिला | पुरुष | जम्मा | वडा | रोजगारी सिर्जना भएको जम्मा दिन |
|---|---|---|---|---|
| ५ | २ | ७ | १ | ६९४ |








## ४.१.योजनाको नामः तल्लो सुदला सिँचाइ कुलो निर्माण, काफलबोट भृकुटी मावि र गुइलीबोट दलेङ गोरटोबाटो

## ४.२.खर्चको विवरणः

| क्र.सं. | विवरण | रकम रु. | | जम्मा |
|---|---|---|---|---|
| | | प्र.रो.का./युवारुप | स्थानीय तह | |
| १ | ज्याला | ४,६३,००८।- | | ४,६३,००८।- |
| २ | निर्माण सामग्री खरिद | | ५५,०००।- | ५५,०००।- |
| ३ | अन्य खर्च | | | |
| | **जम्मा** | ४,६३,००८।- | ५५,०००।- | ५,१८,००८।- |

## ४.३.सम्पन्न भएका मुख्य क्रियाकलापहरूः

| क्र.सं. | क्रियाकलाप | इकाइ | परिणाम |
|---|---|---|---|
| १ | सिँचाइ कुलो | लम्बाइ | १९५मि. |
| २ | पदमार्ग | ढलान | ४३मि. |

## ४.४.योजनामा संलग्न श्रमिकको विवरणः

| महिला | पुरुष | जम्मा | वडा | रोजगारी सिर्जना भएको जम्मा दिन |
|---|---|---|---|---|
| ५ | २ | ७ | २ | ६८९ |






**५.१.योजनाको नामः** पुनटोल आरनटोल, शिवालय मन्दिर डोटा, पिडालुबारी सिबलरा भयथुम गोरेटोबाटो

## ५.२.खर्चको विवरणः

| क्र.सं. | विवरण | रकम रु. | | जम्मा |
|---|---|---|---|---|
| | | प्र.रो.का./युवारुप | स्थानीय तह | |
| १ | ज्याला | ४,६५,६९६।- | | ४,६५,६९६।- |
| २ | निर्माण सामग्री खरिद | | | |
| ३ | अन्य खर्च | | | |
| | **जम्मा** | ४,६५,६९६।- | | ४,६५,६९६।- |

## ५.३.सम्पन्न भएका मुख्य क्रियाकलापहरूः

| क्र.सं. | क्रियाकलाप | इकाइ | परिणाम |
|---|---|---|---|
| १ | गोरेटोबाटो | मि. | २४८२ लम्बाइ |
| २ | सोलिङ | मि. | १३८मि. |

## ५.४.योजनामा संलग्न श्रमिकको विवरणः

| महिला | पुरुष | जम्मा | वडा | रोजगारी सिर्जना भएको जम्मा दिन |
|---|---|---|---|---|
| ६ | १ | ७ | २ | ६९३ |








## ६.१.योजनाको नामः वडा भित्रका मोटरबाटो सरसफाइ तथा नाली निर्माण

## ६.२.खर्चको विवरणः

| क्र.सं. | विवरण | रकम रु. | | जम्मा |
|---|---|---|---|---|
| | | प्र.रो.का./युवारुप | स्थानीय तह | |
| १ | ज्याला | ३,९८,४९६।- | | ३,९८,४९६।- |
| २ | निर्माण सामग्री खरिद | | | |
| ३ | अन्य खर्च | | | |
| | **जम्मा** | ३,९८,४९६।- | | ३,९८,४९६।- |

## ६.३.सम्पन्न भएका मुख्य क्रियाकलापहरू

| क्र.सं. | क्रियाकलाप | इकाइ | परिणाम |
|---|---|---|---|
| १ | कच्ची नाली | मि. | ७०० |
| २ | मोटरबाटो सरसफाइ | मि. | ६०० |
| ३ | सोलिङ | मि. | ३०५ |

## ६.४.योजनामा संलग्न श्रमिकको विवरणः

| महिला | पुरुष | जम्मा | वडा | रोजगारी सिर्जना भएको जम्मा दिन |
|---|---|---|---|---|
| ४ | २ | ६ | २ | ५९३ |







## ७.१.योजनाको नामः वडा भित्रको मोटरबाटो  र वडा कार्यालय परिसर सरसफाइ

## ७.२.खर्चको विवरणः

| क्र.सं. | विवरण | रकम रु. | | जम्मा |
|---|---|---|---|---|
| | | प्र.रो.का./युवारुप | स्थानीय तह | |
| १ | ज्याला | ५,३७,६००। | | ५,३७,६००।- |
| २ | निर्माण सामग्री खरिद | | १०,२४०।- | १०,२४०।- |
| ३ | अन्य खर्च | | | |
| | **जम्मा** | ५,३७,६००।- | १०,२४०।- | ५,४७,८४०।- |

## ७.३.सम्पन्न भएका मुख्य क्रियाकलापहरूः

| क्र.सं. | क्रियाकलाप | इकाइ | परिणाम |
|---|---|---|---|
| १ | कच्ची नाली | मि. | ६० |
| २ | मोटरबाटो सरसफाइ | मि. | १५०० |
| ३ | वडा कार्यालय परिसर सफाइ | स्वा.मि. | १४४० |
| ४ | धारा | १ वटा | १ |

## ७.४.योजनामा संलग्न श्रमिकको विवरणः

| महिला | पुरुष | जम्मा | वडा | रोजगारी सिर्जना भएको जम्मा दिन |
|---|---|---|---|---|
| ५ | ३ | ८ | ३ | ८०० |









## ८.१.योजनाको नामः खाल्ले, मौवाबोट, सातदोबाटो, बाच्छिखर्क र भण्डार प्रतिक्षालय निर्माण

## ८.२.खर्चको विवरणः

| क्र.सं. | विवरण | रकम रु. | | जम्मा |
|---|---|---|---|---|
| | | प्र.रो.का./युवारुप | स्थानीय तह | |
| १ | ज्याला | ५,३७,६००।- | | ५,३७,६००।- |
| २ | निर्माण सामग्री खरिद | | १,९२,६७६।- | १,९२,६७६।- |
| ३ | अन्य खर्च | | | |
| | **जम्मा** | ५,३७,६००।- | १,९२,६७६,- | ७,३०,२७६।- |

## ८.३.सम्पन्न भएका मुख्य क्रियाकलापहरूः

| क्र.सं. | क्रियाकलाप | इकाइ | परिणाम |
|---|---|---|---|
| १ | प्रतिक्षालय | वटा | ५ |

## ८.४.योजनामा संलग्न श्रमिकको विवरणः

| महिला | पुरुष | जम्मा | वडा | रोजगारी सिर्जना भएको जम्मा दिन |
|---|---|---|---|---|
| ६ | २ | ८ | ३ | ८०० |









## ९.१.योजनाको नामः थप्लुङ पैदलमार्ग, ढाव पिपलसारे गोरेटोबाटो र कच्ची नाली निर्माण

## ९.२.खर्चको विवरणः

| क्र.सं. | विवरण | रकम रु. | | जम्मा |
|---|---|---|---|---|
| | | प्र.रो.का./युवारुप | स्थानीय तह | |
| १ | ज्याला | ८,०६,४००।- | | ८,०६,४००।- |
| २ | निर्माण सामग्री खरिद | | २,००,०००।- | २,००,०००।- |
| ३ | अन्य खर्च | | | |
| | **जम्मा** | ८,०६,४००।- | २,००,०००।- | १०,०६,४००।- |

## ९.३.सम्पन्न भएका मुख्य क्रियाकलापहरूः

| क्र.सं. | क्रियाकलाप | इकाइ | परिणाम |
|---|---|---|---|
| १ | पक्की पैदलमार्ग | मि. | ३०० |
| २ | कच्ची नाली सरसफाइ | मि. | १५०० |
| ३ | कच्ची गोरेटोबाटो | मि. | ३६०० |
| ४ | सोलिङ | मि. | १२६० |

## ९.४.योजनामा संलग्न श्रमिकको विवरणः

| महिला | पुरुष | जम्मा | वडा | रोजगारी सिर्जना भएको जम्मा दिन |
|---|---|---|---|---|
| ८ | ४ | १२ | ४ | १२०० |








## १०.१.योजनाको नामः कादुरी पुलदेखि बाटोमुनिसम्म पैदलमार्ग, प्रतिक्षालय र पक्की नाली निर्माण

## १०.२.खर्चको विवरणः

| क्र.सं. | विवरण | रकम रु. | | जम्मा |
|---|---|---|---|---|
| | | प्र.रो.का./युवारुप | स्थानीय तह | |
| १ | ज्याला | ८,०६,४००।- | | ८,०६,४००।- |
| २ | निर्माण सामग्री खरिद | | ५,५५,०००।- | ५,५५,०००।- |
| ३ | अन्य खर्च | | | |
| | **जम्मा** | ८,०६,४००।- | ५,५५,०००।- | १३,६१,४००।- |

## १०.३.सम्पन्न भएका मुख्य क्रियाकलापहरूः

| क्र.सं. | क्रियाकलाप | इकाइ | परिणाम |
|---|---|---|---|
| १ | पक्की पैदलमार्ग | मि. | १६० |
| २ | प्रतिक्षालय | २ वटा | २ |
| ३ | पक्की नाली | मि. | ७२ |

## १०.४.योजनामा संलग्न श्रमिकको विवरणः

| महिला | पुरुष | जम्मा | वडा | रोजगारी सिर्जना भएको जम्मा दिन |
|---|---|---|---|---|
| ४ | ८ | १२ | ५ | १२०० |








## १२. आर्थिक प्रतिवेदन

वार्षिक खर्च विवरण

| क्र.स | शीर्षक | बजेट स्रोत | प्राप्त रकम | पहिलो चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | रोजगार संयोजक तलब | नेपाल सरकार | ५६८००० | २१८४४५ | १७४७५६ | १७४७५६ | ४३ | |
| २ | स्थानीय भत्ता/पोसाक | | ५८००० | ५४०० | ५४०० | १५४०० | ३१८०० | |
| | | | ६२६००० | २२३८४५ | १८०१५६ | १९०१५६ | ३१८४३ | |

| क्र.स | शीर्षक | बजेट स्रोत | प्राप्त रकम | जम्मा खर्च | दोस्रो चौमासिक | तेस्रो चौमासिक | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | रोजगार सहायक तलब | आई.डि.ए | ४५२००० | १७३६५० | १३८९२० | १३८९२० | ५१० | |
| २ | स्थानीय भत्ता \पोसाक | | ४९००० | ३८०० | ३८०० | १३८०० | २७६०० | |
| | | | ५०१००० | १७७४५० | १४२७२० | १५२७२० | २८११० | |

| क्र.स | शीर्षक | बजेट स्रोत | प्राप्त रकम | जम्मा खर्च | दोस्रो चौमासिक | तेस्रो चौमासिक | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक सहायक तलब | आई.डि.ए | ४५२००० | १७३६५० | १३८९२० | १३८९२० | ५१० | |
| २ | स्थानीय भत्ता\पोसाक | | ४९००० | ३८०० | ३८०० | १३८०० | २७६०० | |
| | | | ५०१००० | १७७४५० | १४२७२० | १५२७२० | २८११० | |

| क्र स | शीर्षक | बजेट स्रोत | प्राप्त रकम | पहिलो चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | विपन्न श्रमिक ज्याला | आई.डि.ए | २६७२००० | - | १३४४००० | १३२८००० | - | |
| २ | विपन्न श्रमिक ज्याला | नेपाल सरकार | २६७४००० | - | १३४४००० | १३३०००० | - | |
| ३ | मसलन्द\विविध\अनुगमन | आई.डि.ए | १४७००० | २५००० | ७५००० | ४७००० | - | |
| ४ | रणनीति अध्यावधिक-तर्जुमा | आई.डि.ए | ५०००० | - | - | ५०००० | - | |
| ५ | रोजगार संवाद मञ्च | आई.डि.ए | ३०००० | १०००० | - | २०००० | - | |
| ६ | श्रमको सम्मान कार्यक्रम | आई.डि.ए | ६०००० | २०००० | २०००० | २०००० | - | |
| ७ | सेवा केन्द्रको सुदृढीकरण | आई.डि.ए | २००००० | - | - | २००००० | - | |
| | | | ५८३३००० | ५५००० | २७८३००० | २९९५००० | ० | |

| जम्मा प्राप्त | जम्मा खर्च | बाँकी |
|---|---|---|
| ७४६१००० | ७३७२९३७ | ८८०६३ |

## १३. योजनाको प्रगति प्रतिवेदन

**आ.व. ८०-८१ मा प्रधानमन्त्री रोजगार अन्तर्गत भएको आयोजनाको प्रगति विवरण**

| क्र.स. | योजनाको नाम | वडा | योजनाको संचालनको क्षेत्र | काम पाउने | विनियोजित रकम | खर्च रकम | वडाको नाम | बजेटको स्रोत | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कादुरी पुलदेखि बाटोमुनिसम्म पैदलमार्ग, प्रतिक्षालय र पक्की नाली निर्माण | ५ | सामुदायिक पूर्वाधार | १२ | ८०६४०० | ८०६४०० | सुखौरा | आइडिए | १०० | १०० |
| २ | थप्लुङ पैदलमार्ग, ढाव-पिपलसारे गोरेटोबाटो र नाली निर्माण | ४ | पर्यटन | १२ | ८०६४०० | ८०६४०० | सल्यान | नेपाल सरकार | १०० | १०० |
| ३ | खाल्ले, मौवाबोट, सातदोबाटो, बाच्छिखर्क, स्वास्थ्यचौकी प्रतिक्षालय निर्माण | ३ | पर्यटन | ८ | १०७५२०० | ५३७६०० | बाटाकाचौर | नेपाल सरकार | १०० | १०० |
| ४ | वडा भित्रका मोटरबाटोको नाली सरसफाइ र वडा कार्यालय परिसर वृक्षारोपण | ३ | सडक तथा सरसफाइ | ८ | | ५३७६०० | | आइडिए | १०० | १०० |
| ५ | वडा भित्रका मोटरबाटो सरसफाइ तथा नाली मर्मत | २ | सडक मर्मत तथा संभार | ७ | १३२७२०० | ३९८४९६ | हुग्दिशिर | नेपाल सरकार | १०० | १०० |
| ६ | तल्लो सुदला सिँचाइ निर्माण, काफलठुटा-भृकुटी मावि र गुइलीबोट दलेङ गोरेटोबाटो | २ | मर्मत संभार | ६ | | ४६३००८ | | आइडिए | १०० | १०० |
| ७ | पुनटोल-आरनेखोला,शिवालय मन्दिर-डोटा,पिडालुबारी-सिबलरा भयथुम गोरेटोबाटो | २ | मर्मत संभार | ७ | | ४६५६९६ | | नेपाल सरकार | १०० | १०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | लुरुङकोट सामुदायिक भवन प्लास्टर र वडा कार्यालय अगाडि प्रतिक्षालय | १ | सामुदायिक पूर्वाधार | ६ | | ३९९१६८ | | नेपाल सरकार | १०० | १०० |
| क्र.स. | योजनाको नाम | वडा | योजनाको संचालनको क्षेत्र | काम पाउने | | खर्च रकम | | बजेटको स्रोत | वित्तीय प्रगति | भौतिक प्रगति |
| ९ | जिमिरे देखि फाँटसम्म र थाडोखोला देखि तल्लो गडेल फाँट सिँचाइ कुलो मर्मत | १ | सिंचाइ तथा खानेपानी | ७ | १३३०५६० | ४६५६९६ | धुल्लुबास्कोट | आइडिए | १०० | १०० |
| १० | टिप्लिङघाट -मिलनचोक, टिमुरेघाट-थुम ओखरेनी, सादीखोला-अयरपानी गोरेटोबाटो | १ | मर्मत संभार | ७ | | ४६५६९६ | | आइडिए | १०० | १०० |
| | | | | ८० | ५३४५७६० | ५३४५७६० | | | १०० प्रतिशत | १०० |

## १४. वैदेशिक रोजगार बोर्डको सेवा सम्बन्धी विवरण

| वैदेशिक रोजगार बोर्ड | | | | | |
|---|---|---|---|---|---|
| क्र.स | राहत पाउने नाम | ठेगाना | विवरण | राहत | प्राप्त |
| १ | मनरुपी थापा | बरेङ-१ | मृतक-विदेशमा-पति | ७०००००।- | २०८०।०३।८ |
| २ | दुर्गा बहादुर नेपाली | बरेङ-२ | अंगभंग | १७५०००।- | २०८१।०२।२७ |
| ३ | प्रभास राना | बरेङ-१ | पारिवारिक उपचार | ५००००।- | प्रक्रियामा |
| ४ | भिम बहादुर थापा | बरेङ ५ | पारिवारिक उपचार | ५००००।- | प्रक्रियामा |
| ५ | चित्र बहादुर श्रीस | बरेङ ३ | पारिवारिक उपचार | ५००००।- | प्रक्रियामा |
| ६ | किशोरी भण्डारी | बरेङ-४ | मृतक-पति | ७०००००।- | प्रक्रियामा |
| ७ | कमला पौडेल | बरेङ-३ | दुर्घटना बिमा(PMEP) | १९३००।- | २०८१।०३।३१ |

## १५. श्रम स्वीकृति सेवाको विवरणः

| क्र.स | व्यक्तिको नाम | देश | आर्थिक वर्ष २०८०-०८१ |
|---|---|---|---|
| १ | राजु शर्मा | साउदी | साउन |
| २ | मिलन थापा मगर | ओमन | भाद्र |
| ३ | धन बहादुर सार्की | साउदी | |
| ४ | पुरन बहादुर थापा | मलेसिया | |
| ५ | कुलराज शर्मा | साउदी | |
| ६ | सागर काला थापा | साउदी | असोज |
| ७ | कर्ण ब घर्ती राना | दुवइ | |
| ८ | छविलाल विक | कुवेत | |
| ९ | तिलक विक | दुवइ | |
| १० | अर्जुन पौडेल | साउदी | |

| | | | |
|---|---|---|---|
| ११ | भिम बहादुर सुनार | दुवइ | |
| १२ | प्रेम बहादुर पुन | कुवेत | |
| १३ | नन्द बहादुर गुरूङ | ओमन | कात्तिक |
| १४ | भगवत शर्मा | जापान | |
| १५ | धिरज सेरपुजा | साउदी | |
| क्र.स | व्यक्तिको नाम | देश | आर्थिक वर्ष २०८०-०८१ |
| १६ | रुद्र बहादुर सार्कि | दुवइ | |
| १७ | विष्णु प्रसाद शर्मा | कतार | मंसिर |
| १८ | तेज बहादुर घर्ति | साउदी | पौष |
| १९ | क्षेत्र बहादुर पुन | साउदी | माघ |
| २० | राज परियार | साउदी | |
| २१ | गम्मरसिंह दर्जी | दुवइ | फागुन |
| २२ | देव बहादुर बिक | साउदी | |
| २३ | सफल बोहोरा | माल्टा | चैत्र |
| २४ | भिम बहादुर थापा | दुवइ | |
| २५ | पुरन श्रीस | सा.अफ्रिका | वैशाख |
| २६ | तेजेन्द्र पुन | दुवइ | |
| २७ | राजु सार्की | कतार | |
| २८ | डम्मर बहादुर नेपाली | साउदी | |
| २९ | पुरन बहादुर खत्री | साउदी | जेठ |
| ३० | सुमन शर्मा | रोमानिया | |
| ३१ | गणेश श्रीस | दुवइ | |
| ३२ | बाबुराम पौडेल | साउदी | असार |

## १६.असल अभ्यासहरू

१. गाउँपालिकाको साझेदारीमा सामुदायिक पूर्वाधार, पर्यटन, खानेपानी सिँचाइ, सडक मर्मतका काम सम्पन्न भएको,
२. योजना सञ्चालन हुनु पूर्व श्रमिक तथा सरोकारवालाहरूसँग अन्तर्क्रिया र वित्तीय साक्षरता कार्यक्रम गरिएको,
३. कमादारको आफ्नै खातामा रकम जम्मा भएको,
४. दक्ष कामदारहरूबाट अदक्ष कामदारहरूलाई सिपको स्थानान्तरण,
५. ज्यालामा समानता,
६. महिला सहभागितामा वृद्धि,
७. रोजगार संवाद मञ्च सञ्चालन,
८. टोलटोलमा श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरिएको ।

## १७.समस्या

- रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्न नसक्नु,
- वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सिप, पुँजी र प्रविधिको परिचालन हुन नसक्नु,
- घरेलु तथा साना उद्योगधन्दाको कमी हुनु,
- उद्यमशीलता एवं स्वरोजगारलाई प्रवर्धन गर्न नसक्नु,
- सिपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न नसक्नु,
- कामप्रति सम्मानको कमी हुनु,
- श्रम, सिप र उत्पादनबीच तादत्म्यता कायम हुन नसक्नु,
- उत्पादनशील रोजगारी पर्याप्त रूपमा सृजना हुन नसक्नु,
- स्थानीय रोजगारदाताहरूको पहिचान एवम् सूचीकरण नहुनु,
- श्रम तथा रोजगार सम्बन्धी स्थानीय नीति नियमको अभाव हुनु
- कार्यक्रमप्रतिको धारणा परिवर्तन नहुनु,
- न्यून बजेट र असीमित आवश्यकता ।

## १८.सुझाव

- रोजगारीको हकको प्रभावकारी कार्यान्वयन गरी नागरिकलाई न्यूनतम रोजगारीमा संलग्न गराउने,
- मुलुकको श्रम तथा रोजगारीका क्षेत्रमा न्यूनतम मानवीय मर्यादालाई कायम राख्न काम तथा श्रमिकप्रतिको धारणामा व्यवहारिक परिवर्तन ल्याउने,
- वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सिप, पुँजी र प्रविधिको परिचालन गर्ने
- स्थानीय रोजगारदाताहरूको पहिचान एवम् सूचीकरण गर्ने
- श्रम तथा रोजगारीका क्षेत्रमा कुनै खास वर्ग वा समुदायलाई विशेष व्यवस्था गरेको बाहेक व्यक्तिको उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, भाषा, क्षेत्र वैचारिक आस्था वा अन्य सबै प्रकारका भेदभावलाई न्यूनीकरण गर्दै लैजाने,
- आन्तरिक रोजगारीका अवसरमा मुलुककै श्रमशक्तिको प्रयोग हुने वातावरण सृजना गर्न प्रवर्द्धनात्मक क्रियाकलाप गर्नुपर्ने,
- अन्तरतह, अन्तरनिकाय र निजी क्षेत्रसँग साझेदारी तथा समन्वय गर्नुपर्ने ।

०८१/०४/०८

तयार गर्ने
केशबराज क्षेत्री
रोजगार संयोजक

केशबराज क्षेत्री
रोजगार संयोजक

प्रमाणित गर्ने
सुर्य प्रसाद शर्मा
नि. प्रमुख प्रशासकीय अधिकृत